कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने इजाजत पत्र प्राप्त

# फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि
# First Microfinance Development Bank Ltd

FMDB

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)
का.म.न.पा. ३३, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल ।
फोन नं. : ०१-४४२५३५८, ४४२५३६१, फ्याक्स नं. ०१-४४२७०४६
**E-mail: info@fmdb.com.np, URL: www.fmdb.com.np**

**को**

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.२६,४५,००,०००/–को दुई शेयर बराबर १ शेयर (२:१) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि रु. १३,२२,५०,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १३,२२,५०० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

***दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।***

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा धितोपत्र सम्वन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (**Due Diligence Certificate**) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडले गर्ने भएका काममा निहित सम्भावित जोखिमहरु बारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

**यस कम्पनीले जारी गर्न लागेको हकप्रद शेयर निष्कासनलाई इक्रा नेपाल लिमिटेडले औसत आधारहरु** (Fundamentals) **जनाउने "[ICRANP] IPO Grade 3" ग्रेडिङ्ग प्रदान गरेको छ ।**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृती भएको मिति : २०७३/१२/१७
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति २०७४/०१/२८
हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७४/०२/३१ (बैंकिङ्ग समय पश्चात)

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक**

ग्लोबल आइएमई क्यापीटल लिमिटेड
पो.ब.नं.२१५९९, राष्ट्रिय नाचघर
तेस्रो तल्ला) जमल, काठमाण्डौं ।
फोन नं. ४२२२४६० फ्याक्स नं.४२२२५३४
E-mail:info@gicl.com.np
URL :www.globalimecapital.com

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.globalimecapital.com, फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको Website: www.fmdb.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

(क) **संगठित संस्थाको नाम :** फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड (First Microfinance Development Bank Limited)

(ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा. वडा नं. ३३, ज्ञानेश्वर, काठमाण्डौमा रहेको छ ।

(ग) **कारोवार स्थान :** यस डेभलपमेन्ट बैंकले का.म.न.पा. वडा नं. ३३, ज्ञानेश्वर, काठमाण्डौमा आफ्नो प्रधान कार्यालय खोलि थोक लघुवित्त सम्बन्धी कारोबार गरिरहेको छ । यसका साथै यस डेभलपमेन्ट बैंकले मोरङ्गको उर्लाबारी र चितवनको भरतपुरमा शाखा समेत खोली नेपालभर कारोवार गर्दै आएको छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही थप शाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ ।

(घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संक्षिप्त परिचय :**

"फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक (FMDB) लिमिटेड" राष्ट्रिय स्तरको लघुवित्त विकास बैंकको रुपमा कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६६।०६।२६ मा दर्ता नं ११८१/०६६/०६७ बाट दर्ता भइ नेपाल राष्ट्र बैंकबाट मिति २०६६।०९।१३ मा 'घ' बर्गको डेभलपमेन्ट बैंकको इजाजतपत्र प्राप्त गरी २०६६ पौष २४ गतेबाट विधिवत् कार्य शुभारम्भ गरेको छ । ग्लोबल आइएमई बैंक लि., प्रभु बैंक लि., देव विकास बैंक लि., आइसिएफसि फाइनान्स लि., प्रतिष्ठित बैंकरहरु, चार्टर्ड एकाउण्टेन्टहरु र उच्च तहका व्यवस्थापकहरुद्धारा प्रबर्धित यस डेभलपमेन्ट बैंक प्रतिष्ठित थोक लघु कर्जा प्रदायक डेभलपमेन्ट बैंकको रुपमा स्थापित भैसकेको छ ।

**उद्देश्यहरु :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही लघुवित्त कारोवार गर्ने यस डेभलपमेन्ट बैंकका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) डेभलपमेन्ट बैंकको निक्षेपकर्ता तथा ऋणदाताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट लघुवित्त कारोवार गर्ने संघ संस्था तथा विपन्न बर्गका जनसमुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्वन्धी मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, घरेलु उद्योग, ग्रामिण सेवा, ग्रामिण ब्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाव्य देखिएका क्षेत्रमा लघु व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय स्रोत र साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको अधिकांश ग्रामिण क्षेत्रका न्यून आय भएका वर्गको स्वरोजगारी श्रृजना गर्ने तथा आय आर्जन गर्ने क्षमतामा सहयोग पुऱ्याउने,

(ग) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको संस्थागत रुपमा विस्तार गरी त्यसमा विपन्न वर्गको पहुँच बढाउन राष्ट्रिय स्तरमा मध्यस्थता, समन्वय, सहजिकरण, प्रवर्धन तथा उदारीकरणमा मद्धत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(घ) देशको समग्र वित्तीय प्रणालीमा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्न सहयोग पुऱ्याउने, र

(ङ) विपन्न वर्गमा लघुकर्जा प्रवाह गर्ने तथा लघुवित्त कारोवार गर्ने संघ संस्थाहरुलाई थोक लघुकर्जा उपलब्ध गराउने र ती लघुवित्त संस्थाहरुको कारोवार तथा गतिविधि निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्ने तथा आवश्यक सुझाव वा परामर्श दिने ।

(ङ) **शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी:** यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.३९,६७,५०,०००।– (अक्षरेपी उनान्चालिस करोड सतसठ्ठी लाख पचास हजार) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका ३९,६७,५०० (उनान्चालिस लाख सतसठ्ठी हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजी**: यस डेभलपमेन्ट बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु. ३९,६७,५०,०००।– ( अक्षरेपी उनान्चालिस करोड सतसठ्ठी लाख पचास हजार) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका ३९,६७,५०० (उनान्चालिस लाख सतसठ्ठी हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी:** यस डेभलपमेन्ट बैंकको हाल चुक्ता पूँजी रु.२६,४५,००,०००।– ( अक्षरेपी छब्बिस करोड पैंतालिस लाख) रहेको छ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका २६,४५,००० (छब्बिस लाख पैंतालिस हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.३९,६७,५०,०००।– (अक्षरेपी उनान्चालिस करोड सतसठ्ठी लाख पचास हजार) हुनेछ ।

(च). **हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात संगठित संस्थाको चुक्ता पूँजीको स्थिती :**

**हकप्रद शेयर निष्काशन पूर्व डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचनाः**

| शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | १३,४८,९५० | १३,४८,९५,०००।– | ५१% | १०० % |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १२,९६,०५० | १२,९६,०५,०००।– | ४९% | १००% |
| **जम्मा** | **२६,४५,०००** | **२६,४५,००,०००।–** | **१००%** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने डेभलपमेन्ट बैंकको चुक्ता पुँजीको संरचनाः**

| शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|
| संस्थापक शेयरधनीहरु | २०,२३,४२५ | २०,२३,४२,५००।– | ५१% | १००% |
| सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १९,४४,०७५ | १९,४४,०७,५००।– | ४९% | १००% |
| **जम्मा** | **३९,६७,५००** | **३९,६७,५०,०००/–** | **१००%** | |

(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्रम | शेयरधनीको नाम | समूह | ठेगाना | शेयर कित्ता | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ग्लोबल आइएमई बैंक लिमिटेड | क | पानीपोखरी, वडा नं. ३, काठमाण्डौं | २,८९,०६१ | २,८९,०६,१०० | शत प्रतिशत |
| २ | प्रभु बैंक लिमिटेड | " | बबरमहल, वडा नं. ३२, काठमाण्डौं | २,८९,०६१ | २,८९,०६,१०० | " |
| ३ | आइसिएफसी फाइनान्स लिमिटेड | " | भाटभटेनी, वडा नं. ५, काठमाण्डौं | ९६,३५४ | ९६,३५,४०० | " |
| ४ | देव विकास बैंक लिमिटेड | " | लालदरबार, वडा नं. ३१, काठमाण्डौं | ९६,३५४ | ९६,३५,४०० | " |
| ५ | नुमनाथ पौडेल | " | लाजिम्पाट, वडा नं. ३, काठमाण्डौं | ९६,३५४ | ९६,३५,४०० | " |
| ६ | राजकुमार राई | " | बासिखोरा गा.वि.स, वडा न.२, भोजपुर | ५७,८१२ | ५७,८१,२०० | " |
| ७ | कृष्ण कुमार भट्टराई | " | बसुन्धरा, वडा नं.३, काठमाण्डौं | ५७,८१२ | ५७,८१,२०० | " |
| ८ | मधुसुदन राज दाहाल | " | मझुवा गा.वि.स., वडा नं.३, सिंधुली | ४८,१७८ | ४८,१७,८०० | " |
| ९ | पोषक राज पौडेल | " | रत्ननगर न.पा., वडा नं. ६, चितवन | २८,७०६ | २८,७०,६०० | " |
| १० | गोविन्दलाल संघाई | " | का म न पा २५,काठमाण्डौं | २३,७८६ | २३,७८,६०० | " |
| ११ | अम्बिका प्रसाद पौडेल | " | धापासी, वडा नं.५, काठमाण्डौं | १९,२७१ | १९,२७,१०० | " |
| १२ | जिवन भट्टराई | " | रातोपूल, वडा नं.३३, काठमाण्डौं | १९,२७१ | १९,२७,१०० | " |
| १३ | रुपेश थापा | " | गोरखा न. पा., वडा नं. ४, गोरखा | १९,२७१ | १९,२७,१०० | " |
| १४ | मिरा पाण्डे | " | चावहिल, वडा नं. ७, काठमाण्डौं | १९,२७१ | १९,२७,१०० | " |
| १५ | अनिल कुमार ढुंगेल | " | कुपण्डोल, वडा नं.१, ललितपुर | १९,२७१ | १९,२७,१०० | " |
| १६ | सुरज अधिकारी | " | त्रिपुरेश्वर, वडा नं. ११, काठमाण्डौं | १९,२७१ | १९,२७,१०० | " |
| १७ | समिरन राई | " | बासिखोरा गा.वि.स, वडा न.१, भोजपुर | १९,२७१ | १९,२७,१०० | " |
| १८ | बिमला राई | " | होम्ताङ्ग गा.वि.स., वडा न.६, भोजपुर | १९,२७१ | १९,२७,१०० | " |
| १९ | उमेश कटुवाल | " | चिलाउने गा.वि.स., वडा नं. ३, उदयपुर | १९,२७१ | १९,२७,१०० | " |
| २० | वीरेन्द्र कुमार संघाई | " | का म न पा २५, काठमाण्डौं | १५,००० | १५,००,००० | " |
| २१ | राम चन्द्र संघाई | " | का म न पा २५, काठमाण्डौं | १५,००० | १५,००,००० | " |
| २२ | सुभास चन्द्र संघाई | " | का म न पा २५, काठमाण्डौं | १५,००० | १५,००,००० | " |
| २३ | पुरुषोत्तम लाल संघाई | " | का म न पा २५, काठमाण्डौं | १५,००० | १५,००,००० | " |
| २४ | संगीता केसी | " | नयाँ नैकाप ७, काठमाण्डौं | १३,४९० | १३,४९,००० | " |
| २५ | महेश कुमार सिंह | " | एकान्तकुना,वडा नं. १३, ललितपुर | १२,५६८ | १२,५६,८०० | " |
| २६ | कमला भण्डारी | " | धुँवाकोट, वडा नं. ३, गोरखा | ५,७८१ | ५,७८,१०० | " |
| २७ | रीता पाठक (गजुरेल) | " | इमाडोल, ललितपुर | २०० | २०,००० | " |
| २८ | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ख | | १२,९६,०५० | १२,९६,०५,००० | " |
| | जम्मा | | | २६,४५,००० | २६,४५,००,००० | " |

**संस्थागत संस्थापकहरुको संचालकहरुको नाम तथा ठेगानाका साथै कम्पनी/संस्थाको संक्षिप्त परिचय :**

| क्रम | कम्पनी/संस्थाको नाम, ठेगाना | सञ्चालकहरुको नाम, ठेगाना | कम्पनी/संस्थाको संक्षिप्त परिचय |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, पानीपोखरी, काठमाण्डौ | श्री चन्द्र प्रसाद ढकाल, काठमाण्डौ<br>श्री सुमन पोखरेल, ललितपुर<br>श्री सुरज कुमार श्रेष्ठ, काठमाण्डौ<br>श्री सुदर्शन कृष्ण श्रेष्ठ, काठमाण्डौ<br>श्री अश्विनी कुमार आचार्य, काठमाण्डौ<br>श्री पवन कुमार भिमसरिया, काठमाण्डौ<br>श्री रण बहादुर श्रेष्ठ, काठमाण्डौ<br>श्री कल्याण बन्धु अर्याल, काठमाण्डौ | आफ्नो कार्यक्षेत्रमा प्रसिद्ध तथा प्रतिष्ठीत व्यक्ति/समुह द्वारा प्रवर्धित राष्ट्रिय स्तरको वाणिज्य बैंकको रुपमा "सबैको लागी बैंकिङ्ग" भन्ने भिजन सहित उच्च व्यवसायिक तथा दक्ष जनशक्ति द्वारा विगत १० बर्ष देखी सफलतापूर्वक सञ्चालनमा रहेको । विभिन्न ६ वटा बैंक तथा वित्तीय संस्थाहरुसँग सफलतापूर्वक मर्जर समेत सम्पन्न भइसकेको । फाईनान्सियल टाईम्स बैंकर बेलायतबाट प्रकाशित हुने प्रसिद्ध म्यागिजन **"द बैंकर"** ले सन् २०१४ को बैंक अफ द इयर नेपालबाट सम्मानित । |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल, काठमाण्डौ | श्री देवि प्रकाश भट्टचन, काठमाण्डौ<br>श्री ऋषी राम गौतम, काठमाण्डौ<br>श्री पुष्प बहादुर प्रधान, काठमाण्डौ<br>श्री अम्विका शर्मा लामिछाने, काठमाण्डौ<br>श्री दक्ष पौडेल, काठमाण्डौ<br>श्री कुसुम लामा, काठमाण्डौ | विभिन्न व्यवसायिक क्षेत्रमा सफलता प्राप्त लब्ध प्रतिष्ठित व्यक्ति/समूहद्वारा संस्थापित एवं प्रर्वद्धित तथा उच्च व्यावसयिक दक्षता प्राप्त व्यवस्थापकीय समुहद्वारा १३७ शाखा कार्यालयहरु मार्फत् देशभर अत्याधुनिक प्रविधि सहित ८,५०,००० भन्दा बढि ग्राहकहरुलाई गुणस्तरीय बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आईरहेको । साविक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लि. र जेनिथ फाइनान्स लिमिटेड एकआपसमा मर्ज भई बनेको प्रभु बैंक लिमिटेड र ग्राण्ड बैंक नेपाल लि.सँग सफलतापुर्वक मर्जर प्राक्रिया सम्पन्न गरी बनेको एक सबल एवं सक्षम प्रतिष्ठित बैंक । |
| ३. | आईसिएफसी फाइनान्स लिमिटेड, भाटभटेनी, काठमाण्डौं | श्री सुरेश कुमार अग्रवाल, काठमाण्डौ<br>श्री श्याम सिंह पाण्डे, भक्तपूर<br>श्री नन्द किशोर शर्मा, काठमाण्डौ<br>श्री सुशिल कुमार अर्याल, काठमाण्डौ<br>श्री केशव प्रसाद अधिकारी, ललितपूर<br>श्री अच्युत राज आचार्य, ललितपूर<br>श्री विपिन कुमार रेग्मी, काठमाण्डौ<br>श्री राजेन्द्र गोपाल श्रेष्ठ, काठमाण्डौं | व्यवसायको क्षेत्रमा प्रसिद्ध व्यक्ति/समुह र राष्ट्रकै प्रतिष्ठीत व्यक्तिहरुद्धारा प्रवर्धित यस संस्था मिति २०६१ श्रावण २ देखी काठमाण्डौमा केन्द्रीय कार्यालय र नेपाल भरमा ११ वटा शाखा सहित व्यवसायिक तथा गतिशिल व्यवस्थापन द्धारा सफलतापूर्वक सञ्चालनमा रहेको । |
| ४. | देव विकास बैंक लिमिटेड, लालदरबार, काठमाण्डौं | प्रा. डा. सुवर्ण लाल बज्राचार्य, ललितपुर<br>श्री लक्ष्मी प्रसाद श्रेष्ठ, काठमाण्डौं<br>श्री बज्र गुरुङ्ग, काठमाण्डौ<br>श्री सुदन रत्न बज्राचार्य, काठमाण्डौ<br>श्री महेश प्रधान, काठमाण्डौ<br>श्री भरत वहादुर हमाल, काठमाण्डौ<br>श्री पुरुषोत्तम श्रेष्ठ, काठमाण्डौ<br>श्री विजय राज शर्मा भुसाल, काठमाण्डौं | उद्योग, व्यवसाय, बैंकिङ्ग, सरकारी सेवाको लब्ध प्रतिष्ठित व्यक्ति तथा संस्थाहरुवाट प्रवर्धित यस राष्ट्रिय स्तरको विकास बैंक २०६३ श्रावण १ गते देखी काठमाण्डौमा केन्द्रीय कार्यालय र नेपाल भरी २७ वटा शाखा कार्यालयहरु, ५ वटा एक्सटेन्सन काउन्टर र ४ वटा सिमिति बैंकिङ्ग इकाइहरु सहित ३६ वटा सेवा केन्द्रहरु सञ्चालन भैरहेको र २०७२ /३/२५ वाट एनडिइपी र राइजिङ्ग डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा मर्ज भई देव विकास बैंक लिमिटेडको रुपमा एकिकृत कारोवार शुरु भएको । |

(ज). **निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

डेभलपमेन्ट बैंकले शेयरको हकप्रद निष्काशन प्रयोजनका लागि गर्ने शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयर को २:१ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) अनुपातमा हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले भुक्तानी माग गर्ने गरी रु. १३,२२,५०,०००/– शेयर पूँजी बराबर प्रति शेयर रु. १००।– अंकित दरका १३,२२,५०० कित्ता शेयरको हकप्रद निष्काशन गरिएको छ ।

(झ). **धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**
**साधारण सभाले गरेको निर्णय :**

यस डेभलपमेन्ट बैंकको मिति २०७३/०६/१९ मा सम्पन्न सातौं बार्षिक साधारण सभाबाट संस्थाको चुक्ता पूँजी रु. ३९,६७,५०,०००।- पुऱ्याउनका लागि २ : १ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हकप्रद शेयर निष्काशन (Right Issue) गर्ने निर्णय भएको छ ।

(ञ). **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव**

**सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरणः:**

| सि. नं | सञ्चालकको नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | श्री सुरेन्द्र राज रेग्मी (मनोनित ग्लोबल आइएमई बैंक लि.) अध्यक्ष | ग्लोबल आइएमई बैंक लि., पानीपोखरी, काठमाण्डौं | एम. ए. एम. बि. ए. | प्रमुख बैंक तथा वित्तिय संस्थाहरुमा उच्च व्यवस्थापकीय तहमा काम गरेको विगत २८ वर्षको अनुभव रहेको र हाल ग्लोवल आइएमई बैंकमा सहायक महाप्रबन्धकको रुपमा कार्यरत । |
| २. | श्री उमेश कटुवाल (प्रतिनिधि संस्थापक समूह) | चिलाउने-३, उदयपुर | एम.बि.एस, एलएल बि | कर्पोरेट कार्यालहरुको लेखा तथा कानुन व्यवसायीको रुपमा कार्यरत । |
| ३. | श्री बामदेव गौली (प्रतिनिधि सर्वसाधारण समूह) | भरतपुर-१०, चितवन | साक्षर | एकता अर्गानिक फार्म प्रा. लि. को अध्यक्ष, U-Tec कलेजको सञ्चालक, विभिन्न पोल्ट्री व्यवसायमा संलग्न । |
| ४. | श्री युवराज क्षेत्री (प्रतिनिधि सर्वसाधारण समूह) | कोहल्वी-४, बारा | एलएलबी | प्यासिफिक ल एसोसिएट्सका सञ्चालक तथा सफल कानुन ब्यबसायी, १४ बर्षभन्दा बढी कानुन क्षेत्रमा अनुभव रहेको । |
| ५. | प्रेमसागर नापित (प्रतिनिधि सर्बसाधारणसमूह गोर्खाज फाइनान्स लि.) | गोर्खाज फाइनान्स लिमिटेड, डिल्लीवजार | एम.बि.ए. | गोर्खाज फाइनान्स लिमिटेडमा सहायक महाप्रबन्धकको रुपमा कार्यरत । |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः**

**नाम** : भेषराज पन्थी
: प्रमुख कार्यकारी अधिकृत
**ठेगाना** : महाराजगञ्ज -३, कामनपा, काठमाण्डौं
**योग्यता** : एम. ए, विएल
**अनुभव** : राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा का. मु. प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत लगायतको विभिन्न पदमा गरि ३० बर्षको कार्य अनुभव रहेको, नेपाल ग्रामिण विकास बैंक लिमिटेडमा ४ बर्ष संचालक रहेको ।

(ट) **सञ्चालक समितिको बनौट :**

डेभलपमेन्ट बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुने ब्यवस्था रहेको छ ।

| | |
|---|---|
| "क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित र मनोनित सञ्चालकहरु | ४ जना |
| "ख" समूहका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ३ जना |
| स्वतन्त्र व्यावसायिक विशेषज्ञ सञ्चालक | १ जना |
| **जम्मा** | **८ जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

(ठ). **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने शेयरको हकप्रद निष्काशन (Right Shares) को लागि आवेदन दिँदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको २ : १ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिँदा हकप्रद वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् । यसरी खण्डित हकप्रद शेयरलाई माथिल्लो नजिकको पूरा शेयरमा बाँडफाँड गर्ने निर्णय डेभलपमेन्ट बैंकको सञ्चालक समितिले गर्नेछ । यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरका लागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयर बापत नजिकको माथिको पूरा शेयरमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ ।

तर यस हकप्रद शेयर निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ । यदि कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरको आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्त साथ प्रति शेयर रु.१००।– को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

(ड). **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको बिक्री धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम लिलाम बढाबढ द्वारा बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिने छ ।

(ढ). **हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :**

डेभलपमेन्ट बैंकले यस हकप्रद शेयर निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिमा कायम शेयरधनीहरुले आफ्नो नाममा रहेको शेयरको २ : १ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । साथै शेयरधनीहरुले आफुले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

(ण). **संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ सम्बन्धी विवरण :**

## लघुवित्त विकास बैंकको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वासलात

रु. हजारमा

| विवरणहरु | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित* | | |
|---|---|---|---|---|---|---|---|
| | २०७१ आषाढ मसान्त | २०७२ आषाढ मसान्त | २०७३ आषाढ मसान्त | २०७३ पौष मसान्त | २०७४ आषाढ मसान्त | २०७५ आषाढ मसान्त | २०७६ आषाढ मसान्त |
| **पूँजी तथा दायित्व** | | | | | | | |
| १. शेयर पूँजी | १००,००० | २३०,००० | २६४,५०० | २६४,५०० | ४५६,२६३ | ६८४,३९४ | ६८४,३९४ |
| २. जगेडा तथा कोषहरु | १८,०४३ | २४,०९३ | ४२,२९१ | ७५,९१३ | ५९,९७७ | ११२,११९ | १५१,१५३ |
| ३. ऋणपत्र तथा वण्ड | - | - | - | - | - | - | - |
| ४. तिर्न वाँकी कर्जा तथा सापट | १,४३२,०७८ | २,०७३,२२० | २,७५१,४५४ | ३,३४१,५१३ | ३,९३४,१८८ | ५,०३५,७६१ | ६,३१९,८८० |
| ५. निक्षेप दायित्व | - | - | - | - | - | - | - |
| ६. प्रस्तावित नगद लाभांश | १५,७८९ | १,५७९ | १,८१६ | ० | ३,१३२ | ५७,०३३ | १०८,०६२ |
| ७. आयकर दायित्व | १८८ | ० | ० | ० | ० | ० | ० |
| ८. अन्य दायित्व | ८,७४७ | १३,०९८ | १५,७३९ | १४,५०८ | १५,४०८ | २१,०६९ | २७,६७५ |
| **कुल पूँजी तथा दायित्व** | **१,५७४,८४६** | **२,३४१,९९०** | **३,०७५,७९९** | **३,६९६,४३४** | **४,४६८,९६८** | **५,९१०,३७५** | **७,२९१,१६३** |
| **सम्पत्ती** | | | | | | | |
| १. नगद मौज्दात | - | - | - | - | - | - | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ८६९७ | १०१४९ | १३१४९ | १६५४९ | २३६०५ | ३०२१५ | ३७९१९ |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ३४६५०५ | २७५४१२ | ४४०४११ | ४२२४६२ | ७०९६६९ | ८३९४९८ | ८२५८४९ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५. लगानी | ९ | ० | ० | २००० | १५०० | ३००० | ५००० |
| ६. कर्जा सापट | १२००४८२ | २०४८६०७ | २६१२९६० | ३२४१२४६ | ३६९६८४६ | ४९९०७४२ | ६३६३१९६ |
| ७. स्थिर सम्पत्ति | ६८१८ | ५७६३ | ४५०१ | ७१४१ | ७८१६ | ८९८९ | १०३३७ |
| ८. गैर वैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्तिहरु | १२३३३ | २०५९ | ४७७७ | ७०३६ | २९५३२ | ३७९३२ | ४८८६२ |
| **कुल सम्पत्ति** | **१,५७४,८४६** | **२,३४१,९९०** | **३,०७५,७९९** | **३,६९६,४३४** | **४,४६८,९६८** | **५,९१०,३७५** | **७,२९१,१६३** |

## डेभलपमेन्ट बैंकको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब

रु. हजारमा

| विवरणहरु | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित* | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.ब. २०७०/७१** | **आ.ब. २०७१/७२** | **आ.ब. २०७२/७३** | **२०७३ पौष मसान्त** | **आ.ब. २०७३/७४** | **आ.ब. २०७४/७५** | **आ.ब. २०७५/७६** |
| ब्याज आम्दानी | ८८,७५३ | १२८,२०२ | १७५,८५० | ११९,२५५ | २६९,७९१ | ३५८,३४८ | ४६१,८३२ |
| ब्याज खर्च | (४२,३३४) | (५७,३०४) | (८५,०३३) | (६०,२३२) | (१३२,८३५) | (१७९,३९९) | (२२७,११३) |
| **खूद ब्याज आम्दानी** | ४६,४१९ | ७०,८९८ | ९०,८१७ | ५९,०२४ | १३६,९५७ | १७८,९४९ | २३४,७२० |
| कमिशन तथा अन्य संचालन आम्दानी | ८,४३६ | १६,००७ | १९,८४१ | १३,८९२ | २६,३३५ | ३४,२३५ | ४२,७९४ |
| सटही घटबढ् आम्दानी | - | - | - | - | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **५४,८५५** | **८६,९०४** | **११०,६५८** | **७२,९१६** | **१६३,२९१** | **२१३,१८४** | **२७७,५१३** |
| कर्मचारी खर्च | (८,३३१) | (११,१०८) | (११,५५६) | (७,५०६) | (१५,०६२) | (१७,१७१) | (१९,७४६) |
| अन्य संचालन खर्च | (६,८६९) | (१०,२७२) | (१०,२९४) | (५,१०१) | (१४,८१८) | (१६,००४) | (१७,६०४) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सटही घटबढ् नोक्सान | - | - | - | - | - | - | - |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा | ३९,६५६ | ६५,५२५ | ८८,८०७ | ६०,३०८ | १३३,४११ | १८०,०१० | २४०,१६२ |
| सम्भावित नोक्सानी ब्यबस्थाहरु | (४,४६७) | (८,५६४) | (५,७००) | (७,३५२) | (११,५७६) | (१३,०७०) | (१३,८६३) |
| **सञ्चालन मूनाफा** | **३५,१८९** | **५६,९६१** | **८३,१०७** | **५२,९५६** | **१२१,८३४** | **१६६,९४०** | **२२६,२९९** |
| गैर सञ्चालन आम्दानी / नोक्सान | ५,७०० | (२१६) | २,६८६ | ० | ४,४०० | ४,६२० | ४,८५१ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ० | ० | ० | ० | ० | ० | ० |
| **नियमित कारोवारबाट भएको मुनाफा** | ४०,८८८ | ५६,७४६ | ८५,७९४ | ५२,९५६ | १२६,२३४ | १७१,५६० | २३१,१५० |
| असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | - | - | - | - | - | - | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | ४०,८८८ | ५६,७४६ | ८५,७९४ | ५२,९५६ | १२६,२३४ | १७१,५६० | २३१,१५० |
| कर्मचारी बोनस ब्यबस्था | (३,७१७) | (५,१५९) | (७,७९९) | (४,८१४) | (११,४७६) | (१५,५९६) | (२१,०१४) |
| आयकर ब्यबस्था | (११,२६५) | (१५,४७०) | (२३,४८०) | (१४,४४३) | (३४,४२८) | (४६,७८९) | (६३,०४१) |
| **खूद नाफा/नोक्सान** | २५,९०७ | ३६,११७ | ५४,५१४ | ३३,६९९ | ८०,३३१ | १०९,१७५ | १४७,०९६ |
| **शेयर संख्या (हजारमा)** | १,००० | २,३०० | २,३०० | २,६४५ | ३,९६८ | ६,८४४ | ६,८४४ |
| **प्रति शेयर आम्दानी (रु)** | २५.९१ | १५.७० | २०.६१ | २५.४८# | २०.२५ | १५.९५ | २१.४९ |

# बार्षिकिकरण गरीएको ।

## अनुमानित वित्तीय विवरणहरु तयार गर्दाका आधारहरुः

| **विवरण** | **प्रक्षेपित*** | | |
|---|---|---|---|
| | आ.ब. २०७३/७४ | आ.ब. २०७४/७५ | आ.ब. २०७५/७६ |
| कर्जा निक्षेप अनुपात (पूँजी, जगेडा तथा कोषहरु सहित) | लागू नहुने | लागू नहुने | लागू नहुने |
| निक्षेप बृद्धिदर | निक्षेप छैन | निक्षेप छैन | निक्षेप छैन |
| कर्जा लगानी बृद्धिदर | २४.८४% | ३५.००% | २७.५०% |
| वैधानिक तरलता अनुपात | लागू नहुने | लागू नहुने | लागू नहुने |
| कर्जा लगानीको औषत व्याजदर | ७.५३% | ७.५९% | ७.५५% |
| निक्षेपमा तिर्नुपर्ने औषत व्याजदर | निक्षेप छैन | निक्षेप छैन | निक्षेप छैन |
| ऋण सापटीमा तिर्नुपर्ने औषत व्याजदर | ३.७१% | ४.००% | ४.००% |
| आयकर दर | ३०.००% | ३०.००% | ३०.००% |
| अनिवार्य मौज्दात (CRR) | ०.६०% | ०.६०% | ०.६०% |
| पूँजीकोष (CAR) | १२.५९% | १६.०७% | १३.४७% |

## डेभलपमेन्ट बैंकको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि बाँकी हुने खुद सम्पत्ति (नेटवर्थ)

रु. हजारमा

| **विवरणहरु** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित*** | | |
|---|---|---|---|---|---|---|---|
| | २०७१ आषाढ मसान्त | २०७२ आषाढ मसान्त | २०७३ आषाढ मसान्त | **२०७३ पौष मसान्त** | २०७४ आषाढ मसान्त | २०७५ आषाढ मसान्त | २०७६ आषाढ मसान्त |
| चुक्ता पूँजी | १००,००० | २३०,००० | २३०,००० | २६४,५०० | ३९६,७५० | ६८४,३९४ | ६८४,३९४ |
| जगेडा तथा कोषहरु | १८,०४३ | २४,०९३ | ४२,२९१ | ७५,९१३ | ५९,९७७ | ११२,११९ | १५१,१५३ |
| प्रस्तावित बोनश शेयर | | ३०,००० | ३४,५०० | ० | ५९,५१३ | ० | ० |
| प्रस्तावित लाँभाश | १५,७८९ | १,५७९ | १,८१६ | ० | ३,१३२ | ५७,०३३ | १०८,०६२ |
| **जम्मा** | **११८,०४३** | **२८४,०९३** | **३०६,७९१** | **३४०,४१३** | **५१९,३७२** | **८५३,५४६** | **९४३,६०८** |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्चहरु | - | - | - | - | - | - | - |

| जम्मा खुद सम्पत्ती (Total Networth) | ११८,०४३ | २८४,०९३ | ३०६,७९१ | ३४०,४१३ | ५१९,३७२ | ८५३,५४६ | ९४३,६०८ |
|---|---|---|---|---|---|---|---|
| शेयर संख्या | १,००० | २,३०० | २,३०० | २,६४५ | ३,९६८ | ६,८४४ | ६,८४४ |
| प्रतिशेयर खुद सम्पत्ती | ११८.०४ | १२७.०५ | १३३.३९ | १२८.७० | १३०.९१ | १२४.७२ | १३७.८८ |
| खुद नाफा | २५,९०७ | ३६,११७ | ५४,५१४ | ३३,६९९ | ८०,३३१ | १०९,१७५ | १४७,०९६ |
| खुद नाफा/कुल सम्पत्ती | १.६५% | १.५४% | १.७७% | १.८२%# | १.८०% | १.८५% | २.०२% |

# बार्षिकिकरण गरीएको ।

*प्रक्षेपित वित्तीय विवरण डेभलपमेन्ट बैंक आफैले तयार पारेको र सो विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा श्री एस. आर. पाण्डे एण्ड कम्पनी, (चार्टर्ड एकाउन्टेन्टस्) का चार्टर्ड एकाउन्टेन्ट श्री अरुण राउत ज्यू रहनु भएको छ ।

(त). **संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा - नोक्सान हिसावको विवरण :**

**२०७३ आषाढ मसान्तको वासलात**

| **पूँजी तथा दायित्व** | **रकम (रु. हजारमा)** |
|---|---|
| १. शेयर पूँजी | २६,४५,०० |
| २. जगेडा तथा कोषहरु | ४,२२,९१ |
| ३. ऋणपत्र तथा बन्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | २,७५,१४,५४ |
| ५. निक्षेप दायित्व | - |
| ६. प्रस्तावित नगद लाभांश | १,८१६ |
| ७. आयकर दायित्व | - |
| ८. अन्य दायित्व | १,५७,३८ |
| **कुल पूँजी तथा दायित्व** | **३,०७५,७९९** |
| **सम्पत्ति** | |
| १. नगद मौज्दात (सिक्का समेत) | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १३,१४९ |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४४०,४११ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | - |
| ६. कर्जा सापट | २,६१२,९६० |
| ७. स्थिर सम्पत्ति | ४,५०१ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्तिहरु | ४,७७७ |
| **कुल सम्पत्ति** | **३,०७५,७९९** |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब**

| **विवरण** | **रकम (रु. हजारमा)** |
|---|---|
| १. ब्याज आम्दानी | १७५,८५० |
| २. ब्याज खर्च | (८५,०३३) |
| **खुद ब्याज आम्दानी** | **९०,८१७** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | १९,८४१ |
| ४. सटही घटबढ आम्दानी | - |
| **कुल सञ्चालन आम्दानी** | **११०,६५८** |
| ५. कर्मचारी खर्च | (११,५५६) |
| ६. अन्य सञ्चालन खर्च | (१०,२९४) |
| ७. सटही घटबढ नोक्सान | - |

| | |
|---|---|
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **८८,८०७** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | (५,७००) |
| **सञ्चालन मुनाफा** | **८३,१०७** |
| ९. गैर सञ्चालन आम्दानी / (खर्च) | २,६८६ |
| १०. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **८५,७९४** |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी / (खर्च) | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **८५,७९४** |
| १२. कर्मचारी बोनस व्यवस्था | (७,७९९) |
| १३. आयकर व्यवस्था | - |
| यस वर्षको कर व्यवस्था | (२३,४१७) |
| गत वर्ष सम्मको कर व्यवस्था | |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | (६३) |
| **खुद नाफा / (नोक्सान)** | **५४,५१४** |
| **प्रति शेयर आम्दानी (रु)** | **२०.६१** |

**आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान बाँडफाँड हिसाव**

| **विवरण** | **रकम (रु. हजारमा)** |
|---|---|
| **आम्दानी** | |
| १. गत बर्षसम्मको सञ्चित मुनाफा | ३४०१ |
| २. यस बर्षको मुनाफा | ५४,५१४ |
| ३. सटही घटबढ कोष | - |
| **जम्मा** | **५७,९१५** |
| **खर्च** | - |
| १. गत बर्षसम्मको सञ्चित नोक्सान | - |
| २. यस बर्षको नोक्सान | - |
| ३. साधारण जगेडा कोष | (१०,९०३) |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | (१८,१६) |
| ९. प्रस्तावित बोनस शेयर | (३४,५००) |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |
| १४. स्थगन कर कोष | ६३ |
| १५. ग्राहक संरक्षण कोष | (५४५) |
| १६. अन्य | - |
| **जम्मा** | (४७,७०१) |
| **सञ्चित मुनाफा/(नोक्सान)** | १०,२१४ |

**आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**

आर्थिक वर्ष समाप्त भएदेखि हालसम्म कम्पनीको वित्तीय स्थितीमा असर पुग्ने कुनै घटना नघटेको ।

**धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नु पर्ने भएमा सो सम्वन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्तालाई असर पर्ने खालका तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्काशन सम्बन्धी कार्य गर्नु पूर्व सो सम्बन्धी आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

(थ). **संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :**

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) डेभलपमेन्ट बैंकले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीतिबाट हुनसक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढाबबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।
ञ) अन्य अप्रत्याशित घटनाबाट सृजना हुनसक्ने जोखिमहरु ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

डेभलपमेन्ट बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि डेभलपमेन्ट बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । डेभलपमेन्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि डेभलपमेन्ट बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने डेभलपमेन्ट बैंकको नीति रहेको व्यहोरा जानकारी गराउँछौ ।

(द). **धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था :**

क) शेयर बाँडफाँट गर्दा यस हकप्रद निष्कासन अगावै विकास बैंकले यस हकप्रद निष्कासन प्रयोजनका लागि आफ्नो शेयरधनी दर्तापुस्तिका बन्द गरेको मितिभन्दा अघिल्लो दिनसम्म भएको कारोवारबाट शेयर खरिद गरी

शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिले ७ (सात) कार्य दिनभित्र शेयर नामसारी तथा दाखिल खारेजका लागि कम्पनीले नियुक्त गरेको शेयर रजिष्ट्रार समक्ष पेश भई शेयरधनी दर्ता पुस्तीकामा कायम शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ (अर्थात विद्यमान दुई कित्ता शेयर बराबर नयाँ एक कित्ता शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने भन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न कम्पनी बाध्य हुने छैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागी आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम गरिने छ ।

(ख) डेभलपमेण्ट बैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर विक्री भएको मितिले नेपाल धितोपत्र वोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको वाँडफाँड गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र वाँडफाँटमा परेका शेयरधनीहरुलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण भएपछि सम्बन्धित शेयरधनीहरुले उपलब्ध गराएको हितग्राही खाता (Demat Account) मा पठाइनेछ

(ध). **संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, का.म.न.पा वडा नं. ३३, काठमाण्डौ जिल्ला स्थित केन्द्रीय कार्यालय तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक **ग्लोवल आइएमई क्यापीटल लिमिटेड** राष्ट्रीय नाँचघर, जमल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखि डेभलपमेन्ट बैंकको प्रवन्धपत्र, नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईनेछ ।

(न). **निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**
निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूति नगरिएको ।

(प). **शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविकका सेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण सेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०७३" मा भएको व्यवस्था अनुसार हकप्रद शेयरलाई सम्बन्धित शेयरधनीले उपलब्ध गराएको हितग्राही खातामा वितरण गर्ने व्यवस्था मिलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गरी, हकप्रद सेयर को खरिद विक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

(फ). **संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण** :

डेभलपमेन्ट बैंकको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

(ब). **धितोपत्र खरीद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मूख्य कुराहरु** :

क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागी हकप्रद निष्कासन पुर्व यस डेभलपमेण्ट बैंकले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्वर वा DMAT खाता नम्वर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकेको ढांचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(ख) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिनु पर्नेछ ।

ग) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A\C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

ङ ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

च) यस हकप्रद शेयर निष्काशनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् ।

छ) यस हकप्रद शेयर निष्काशन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ज) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरिनेछ ।

झ) हकप्रद शेयरको वितरण सम्बन्धित शेयरधनीले उपलब्ध गराएको हितग्राही खातामा जम्मा हुने गरि वितरण गरिने हुँदा हकप्रद आवेदन फारममा उल्लेख गरिएको हितग्राही खातामा रहेको विवरण तथा आवदेन फारममा भएको विवरण मिलान हुनुपर्ने छ ।

ञ) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(भ). **<u>आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु,</u>**

यस डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्ने भएमा प्रचलित कानून, विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकिकृत निर्देशनको अधिनमा रहि आफ्नो सम्पूर्ण वा आंशिक हक कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न प्रयोग गर्न सक्नेछ । यसरी आफ्नो हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको देहायका व्यवस्था अनुसार उक्त नियमावलीको अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सकिनेछ । आफ्नो हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्दा **संस्थापक शेयरधनीहरुको हकमा** यस डेभलपमेन्ट बैंकको रजिष्ट्रर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा. वडा नं. ३३, ज्ञानेश्वर, काठमाण्डौंबाट र **सर्वसाधरण शेयरधनीहरुले** यस डेभलपमेन्ट बैंक वा धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड जमल, काठमाण्डौंबाट गर्न सकिनेछ ।

**<u>हक हस्तान्तरण गर्दा निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।</u>**

क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।

ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्नेछ ।

ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।

घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।

ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको

अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिर्वतन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।

च) प्रस्तावित संस्थापक सेयरधनी नेपाल राष्ट बैंकबाट जारी निर्देशन अनुसार संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।

छ) प्रस्तावित संस्थापक सेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।

ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्ने छ ।

झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।

ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।

नोटः चुक्ता पूंजीको १ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीहरुको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने र १ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्ने छ ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना उल्लेख गर्नुपर्नेः**

क) डेभलपमेन्ट बैंकको आ.व.२०७२/७३ को वित्तीय विवरणहरुको लेखापरीक्षण श्री एस. आर. पाण्डे एण्ड कम्पनी, (चार्टर्ड एकाउन्टेन्टस्) का सिए. श्री सुर्दशन राज पाण्डे, वरिष्ठ साझेदारले गर्नुभएको छ र सो आ.व. को लेखापरीक्षकको प्रतिवेदन अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

ख) डेभलपमेन्ट बैंकको कम्पनी सचिवमा लमजुङ्ग जिल्ला चिति गा.वि.स वडा नं. ३, निवासी तथा सहायक प्रमुख कार्यकारी अधिकृत श्री दानराज पन्त कार्यरत हुनुहुन्छ ।

ग) डेभलपमेन्ट बैंकको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा डेभलपमेन्ट बैंक आफैले तयार गरेको हो । र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा श्री एस. आर. पाण्डे एण्ड कम्पनी, (चार्टर्ड एकाउन्टेन्टस्) का चार्टर्ड एकाउन्टेन्ट श्री अरुण राउत हुनुहुन्छ ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- **ग्लोवल आइएमई क्यापीटल लिमिटेड** राष्ट्रीय नाँचघर, जमल, काठमाडौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी **ग्लोवल आइएमई क्यापीटल लिमिटेड** राष्ट्रीय नाँचघर, जमल, काठमाडौं, रहेको छ ।

**(य). हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) डेभलपमेन्ट बैंकलाई सवल र सक्षम रुपमा सञ्चालनका लागि विद्यमान पुँजी वृद्धि गर्न ।

ख) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पुँजी सङ्कलन गर्न ।

ग) डेभलपमेन्ट बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न ।

घ) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम यस डेभलपमेन्ट बैंकले पेश गरेको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप सातौं वार्षिक साधारण सभाबाट भएको निणर्यअनुरुप २ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी संकलन गर्न ।

**(र) हकप्रद शेयर विक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने समयावधि हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिनभित्र सम्पूर्ण हकप्रद शेयर विक्री नभएमा यस डेभलपमेन्ट बैंकले सुचना प्रकाशित गरि थप १५ दिनका लागी धितोपत्र दरखास्त खुल्ला राख्न सक्नेछ ।

**(ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| क्रम | स्थानहरु |
|---|---|
| १. | ग्लोवल आइएमई क्यापीटल लिमिटेड राष्ट्रीय नाँचघर, जमल, काठमाडौं |
| २. | फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड :<br>**काठमाडौ उपत्यका भित्र :**<br>यस डेभलपमेन्ट बैंकको प्रधान कार्यालय का.म.न.पा. वडा नं. ३३, ज्ञानेश्वर, काठमाण्डौ<br>**काठमाडौ उपत्यका बाहिर :**<br>(१) उर्लाबारी, मोरङ्ग (२) भरतपुर, चितवन |
| ३. | श्री ग्लोवल आइएमई बैंक लिमिटेडको शाखा कार्यलयहरु क्रमस : (१) आर्दशनगर १३, वीरगंज २) फुलबारी बजार, इटहरी (३) भानुचोक, जनकपुर (४) धनगढी, कैलाली (५) पृथ्वीचोक, पोखरा, (६) त्रिभुवनचोक, नेपालगंज (७) वि.पि. चोक, बुटवल । |

साथै हकप्रद शेयरको दरखस्त फारम निष्कासन कर्ता कम्पनी–श्री फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको वेबसाइट www.fmdb.com.np तथा निष्कासन तथा बिक्री प्रबन्धक–ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत डाउनलोड गरी भरेर बुझाउन सकिने छ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको विक्री वन्द हुनुभन्दा अधिको मितिमा ग्लोवल आइएमई क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा ग्लोवल आइएमई क्यापिटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयर विक्री बन्द भएको ७ दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

**निष्काशन बैंक** ( Bankers to the Issue ) **को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा निम्न बमोजिम रहेका छन ।

| क्र.सं. | निष्काशन बैंकको नाम | खाता नं. |
|---|---|---|
| १. | माछापुच्छे बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौं | ०१०१५२४३६२७२००३६ |
| २. | कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं | ०१२४५२४६१५८४७०१९ |

| ३. | ग्लोवल आइएमई बैंक लि., कान्तिपथ, काठमाण्डौं | ०१११०१००११०४३ |
|---|---|---|

(व). **आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

डेभलपमेन्ट बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा आफूले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । साथै यस डेभलपमेन्ट बैंकका सञ्चालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानुनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य समेत नरहेको उद्घोषण पनि गर्दछ ।

साथै क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम नेपालमा स्विकृत प्राप्त क्रेडिट रेटिङ्ग एजेन्सी इक्रा नेपाल लिमिटेडले यस कम्पनीको २ : १ अनुपातको हकप्रद शेयर निष्कासनको लागि **"[ICRANP] IPO Grade 3"** रेटिङ्ग प्राप्त भएको छ । इक्रा नेपालले १ देखि ५ स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २,३,४ मा प्रदान गरिने + (Plus) चिन्हले त्यस समूहको तुलानात्मक सकरात्मक स्थितिलाई जनाउँदछ ।

(श). **पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण,**

यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक वर्ष (२०७०/७१, २०७१/७२ र २०७२/७३) को शेयर कारोवारको विवरण**:**

| **आर्थिक बर्ष** | **अधिकतम शेयर मूल्य रु.** | **न्युनतम शेयर मूल्य रु.** | **अन्तिम शेयर मूल्य रु.** | **शेयर कारोबार संख्या** |
|---|---|---|---|---|
| २०७०/७१ | ८१८ | १७९ | ७९५ | २,९०,००२ |
| २०७१/७२ | १२८० | ५१६ | ६४८ | ३,१८,१२२ |
| २०७२/७३ | २२५० | ५२० | २००० | १४,३७,७१८ |

पछिल्लो ३ महिनामा भएको शेयर कारोवारको विवरण

| **महिना** | **अधिकतम शेयर मूल्य रु** | **न्युनतम शेयर मूल्य रु** | **अन्तिम शेयर मूल्य रु** | **शेयर कारोबार संख्या** |
|---|---|---|---|---|
| पौष | १००० | ८७७ | ८८३ | १७,८२७ |
| माघ | ९३५ | ७४५ | ७५० | १६,०४४ |
| फागुन | ८२६ | ६७२ | ७७६ | ५२,४५६ |

**नोट :** यस डेभलपमेन्ट बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

**हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

**हकप्रद शेयर निष्काशनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ ।**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| तरलता व्यवस्थापन अन्तर्गत बैंक मौज्दात | ६,२२,५०,००० |
| थोक लघुकर्जा लगानी | ७,००,००,००० |
| **जम्मा** | **१३,२२,५०,०००** |

(ष) **यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| क्र.स | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र राज रेग्मी, प्रतिनिधि (ग्लोबल आईएमई बैंक लि.) | अध्यक्ष | |
| २ | श्री उमेश कटुवाल (प्रतिनिधि संस्थापक समूह) | सञ्चालक | |
| ३ | श्री बामदेव गौली (प्रतिनिधि सर्वसाधारण समूह) | सञ्चालक | |
| ४ | श्री युवराज क्षेत्री (प्रतिनिधि सर्वसाधारण समूह) | सञ्चालक | |
| ५ | प्रेमसागर नापित (प्रतिनिधि गोर्खाज फाइनान्स लि.) | सञ्चालक | |

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**(स) निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति निम्नानुसार रहेको छ ।

मिति : २०७३/१०/०६

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

**बिषय : <u>ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।</u>**

महोदय,

बागमति अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३३, ज्ञानेश्वर, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री **फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको** हकप्रद शेयर निष्काशन गर्न लागेको (२ : १) बरावरको रु.१००।– अङ्कित दरका १३,२२,५०० थान हकप्रद साधारण शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । हकप्रद साधारण शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार हकप्रद साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीले निष्कासन गर्न लागेको हकप्रद साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :

ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट

नाम : पारसमणि ढकाल
पदः प्रमुख कार्यकारी अधिकृत
सही :
कार्यालयको छाप

**S. R. PANDEY & CO.**
Chartered Accountants

Radha Krishna Marg, New Baneshwor
P.O. Box No. 2343
Kathmandu, Nepal

Tel. : 2104600, 2104700
Fax : 977-1-4491187
e-mail: srpandey@wlink.com.np

## फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको
## शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको यसै साथ संलग्न २०७३/०३/३१ (१५ जुलाई २०१६) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वियुटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

**आर्थिक विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले बैंकको आन्तरीक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा, बैंकले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मुल्याङ्कनका साथै समग्र वित्तिय विवरण प्रस्तुति को लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**मन्तव्य**

४. हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरुले फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको २०७३ आषाढ ३१ (१५ जुलाई २०१६) गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानूनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ र कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको छ ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

५. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।
(ख) यो प्रतिवेदनसग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचिहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेकाछन् ।
(ग) हाम्रो रायमा, बैंकको हिसाब किताब ऐन बमोजिम ठीकसंग राखिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले ब्याज आम्दानी हिसाब नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ ।
(घ) हामीले बैंकको श्रेस्ता लेखा परिक्षणको समयमा, बैंकको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा बैंकको सम्पत्ति हिनामिना गरेको वा बैंकको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।
(ङ) बैंकले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।
(च) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पुँजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।
(छ) बैंकले यस वर्ष कर्जा अपलेखन गरेको छैन ।
(ज) बैंकले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।
(झ) बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन र
(ञ) बैंकमा लेखा सम्बन्धी कुनै जालसाजी भएको बैंकको श्रेस्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

S. R. PANDEY & CO. Chartered Accountants Kathmandu

सि.ए. सुदर्शन राज पाण्डे,
वरिष्ठ साझेदार

स्थान : काठमाडौं
मिति : २०७३/०४/२५